आज मिति २०८२ साल कार्तिक १४ गतेका दिन यस सान्नीत्रिवेणी गाउँपालिकाको अध्यक्ष श्री मोहन बहादुर के.सी.ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी सोही आधारमा निर्णयहरू पारित गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | वडा नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर के.सी. | अध्यक्ष | ९ | ९८६१९३२९६० | |
| २ | पार्वती सिंह (संज्याल) | उपाध्यक्ष | ६ | ९८४९६६२४७१ | |
| ३ | बैकुण्ठराज गिरी | वडा अध्यक्ष | १ | ९८४७९१६८०९ | |
| ४ | वसन्त बहादुर बुढा | वडा अध्यक्ष | २ | ९८५८३२१०६५ | |
| ५ | रंगलाल देवकोटा | वडा अध्यक्ष | ३ | ९८४८३०१४४१ | |
| ६ | देवनाथ योगी | वडा अध्यक्ष | ४ | ९७४८९०६३१४ | |
| ७ | रामराज बम | वडा अध्यक्ष | ५ | ९८६१६५५७४० | |
| ८ | नहकुल संज्याल | वडा अध्यक्ष | ६ | ९८४८५३९८४४ | |
| ९ | जय प्रसाद सिम्खाडा | वडा अध्यक्ष | ७ | ९८४८३६०३०० | |
| १० | नौलासिंह बुढा | वडा अध्यक्ष | ८ | ९७४६५२८५६६ | |
| ११ | नरपती तिरुवा | वडा अध्यक्ष | ९ | ९८४८३५८५४२ | |
| १२ | रुपकला शाही | कार्यपालिका सदस्य | ५ | ९८६५२५३४०७ | |
| १३ | जमुना कुमारी सहकारी | कार्यपालिका सदस्य | ९ | ९७४२२६१६१० | |
| १४ | अम्मकला देवकोटा | कार्यपालिका सदस्य | ३ | ९८४८३३०३७३ | |
| १५ | गोमा सिम्खाडा | कार्यपालिका सदस्य | ७ | ९८४८६६८६०२ | गोमा |
| १६ | झ्यापा सार्की | कार्यपालिका सदस्य | १ | ९८४३७७०२२६ | |
| १७ | भरत वि.क. | कार्यपालिका सदस्य | १ | ९८५११५५६०२ | |
| १८ | प्रेम बहादुर बडुवाल | सदस्य सचिव | | ९८४८२१५३५८ | |

Scanned with CamScanner

**प्रस्तावहरू:-**

| प्रस्ताव नं. | प्रस्तावहरू | कै. |
|---|---|---|
| १ | गाउँपालिका अनुदान शिक्षक सम्बन्धमा। | |
| २ | रकमान्तर सम्बन्धमा। | |
| ३ | करार म्याद थप सम्बन्धमा। | |
| ४ | बालविवाह सम्बन्धी तथ्याङ्क संकलन तथा सर्वेक्षणमा सहजीकरण सम्बन्धमा। | |
| ५ | योजना माग गर्ने सम्बन्धमा। | |

**निर्णयहरू:**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाको अनुदानबाट सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको यस गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०६/२७ गतेको निर्णय नं. ३ अनुसार मिति २०८२/०७/०१ गतेदेखि करार सम्झौता रद्द गर्ने भनि निर्णय भएकोमा तत्काल विद्यालय र शैक्षिक गुणस्तरको परिस्थितिलाई मध्यनजर गर्दा शैक्षिक वर्षको बिचमा दरबन्दी मिलान र तह मिलान कार्यले पठनपाठनमा बाधा पर्ने भएकाले सो निर्णय उपर पुनर्विचार गरी विद्यालय समायोजन, दरबन्दी मिलान र तह मिलान कार्य सम्पन्न नभएसम्मको लागि गाउँपालिका अनुदानबाट कार्यरत शिक्षकहरूको करार म्याद थप गर्ने साथै विद्यालय समायोजन, दरबन्दी मिलान र तह मिलान कार्यलाई यथाशीघ्र अगाडी बढाउने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं २ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाको आ.व. २०८२/८३ को विनियोजन वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत देहाय बमोजिम बजेट रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क्र. सं. | कार्यक्रमको नाम | विनियोजित रकम | थप गरिएको कार्यक्रमको नाम | रकमान्तर गरिएको रकम |
|---|---|---|---|---|
| १ | अन्य सार्वजनिक निर्माण | १०,००,००० | बढरुख आ.वि. पर्खाल मर्मत | ५०००० |
| | | | विद्याज्योती मा.वि. पाइप खरिद | ५०००० |
| २ | विभिन्न संघ संस्थाहरूसँग लागत साझेदारी | ३६,००,००० | प्रशासकीय भवनको फिल्डको पि.सि.सि निर्माण कार्य | ५,००,००० |

Scanned with CamScanner

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकामा मिति २०८२ असार मसान्तसम्म कार्यरत रहि सो मिति पश्चात स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को कानूनी प्रावधानले गर्दा आ.व. २०८२/८३ को हालसम्म म्याद थप नभएको भएतापनि निजहरू २०८२ असोज मसान्तसम्म हाजिर गरी कामकाज गर्दै आउनुभएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहका स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ चलानी नं. ११३ को पत्रानुसार निर्णय कार्यान्वयन गर्न परिपत्र प्राप्त भएको र सो निर्णय अनुसार दरबन्दी बाहेकका कर्मचारीहरूलाई करारमा राखि राख्न उपयुक्त नदेखिएकाले निजहरूको हाजिर भएको मितिलाई आधार मानि असोज मसान्तसम्म म्याद थप गरी सोको तलब भत्ता भुक्तानी दिने र बाँकी दरबन्दीमा कार्यरत करार कर्मचारीहरूको हकमा २०८२ साउन १ गते देखि ६ (छ) महिनासम्मको लागि करार सेवाको म्याद थप गरिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाको आयोजनामा तथा प्लान इन्टरनेशनल नेपाल र किडार्क नेपालको प्राविधिक सहयोग, समन्वय र गाउँपालिकाको साझेदारीमा सञ्चालन हुने बालविवाह निषेधित पालिका घोषणा अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाउन यस गाउँपालिकाका वडा नं. १ देखि ९ सम्मका बालविवाह सम्बन्धी तथ्याङ्क संकलन सर्वेक्षण कार्य सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल यस सान्नीत्रिवेणी गाउँपालिकाको वडा नं. ५ मा सञ्चालित श्री खापरमष्टा आधारभूत विद्यालयको विद्यालय भवन, फिल्ड र शौचालय मर्मतको लागि आवश्यक पर्ने बजेट तथा योजना कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयमा माग गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

Scanned with CamScanner